नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, भदौ १९ गते, २०७७ साल (अतिरिक्ताङ्क २६(क)

भाग ५

नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको

सूचना

नेपाल सरकारले कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको सम्बन्धमा संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम देहायको आदेश जारी गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. नेपाल एम्बुलेन्स सर्भिस (१०२)ले हाल सेवा प्रवाहमा प्रयोग गरिरहेको एम्बुलेन्सका अतिरिक्त सङ्क्रमित व्यक्तिको सङ्ख्यालाई मध्यनजर गरी एम्बुलेन्सको अभाव हुन नदिन हाललाई २ वटा र आवश्यकता अनुसार थप एम्बुलेन्सको व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने। नेपाल एम्बुलेन्स सर्भिसको माग अनुरुप संवत् २०७७ साल

साउन १ गतेबाट कोभिड-१९ को प्रयोजनमा उपयोग भएको एम्बुलेन्सको इन्धनको खर्च कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट व्यहोर्ने र सोको व्यवस्थापन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने ।

२. काठमाडौं उपत्यका लगायत शहरी क्षेत्रमा कोभिड-१९ को कारण मृत्यु भएका व्यक्तिको शव व्यवस्थापनका लागि आवश्यक परेका बखत तुरुन्तै उपलब्ध हुने गरी (डेडिकेटेड)उपयुक्त शव वाहनको व्यवस्था काठमाडौं उपत्यकाको हकमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले र अन्य जिल्लाका हकमा सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयले मिलाउने। उक्त शव वाहन नेपाली सेनाको मातहत तयारी अवस्थामा (स्ट्याण्ड बाई)रहने व्यवस्था मिलाउने। सोको लागि आवश्यक पर्ने इन्धन खर्च कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट व्यहोर्ने र सोको व्यवस्थापन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने।

३. जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना गर्ने गरी चारैतर्फ कम्तीमा दुईदुई मिटर दूरी कायम गरी एउटा परीक्षा हलभित्र बढीमा पच्चीस परीक्षार्थी रहने व्यवस्था मिलाई प्रहरी निरीक्षक आधारभूत तालिम १-१८० औं समूहको दोस्रो तथा अन्तिम परीक्षा, नेपाल नर्सिङ काउन्सिल र

नेपाल फार्मेसी काउन्सिलको लाइसेन्स परीक्षा सञ्चालन गर्ने।सो परीक्षा सञ्चालन प्रयोजनका लागि आवश्यक आवतजावतको सहजीकरण र सुरक्षाको व्यवस्था स्थानीय प्रशासनले मिलाउने।

४. नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय अनुसार तेस्रो मुलुकबाट भइरहेको नियमित र चार्टर उडानमा एयरलाइन्सहरुले तोकिएको मापदण्डबमोजिम उडान गरे नगरेको सम्बन्धमा संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले कडाइकासाथ अनुगमन गरी प्रभावकारीरुपमा निर्णय कार्यान्वयन गराउन आवश्यक प्रबन्ध गर्ने । RT-PCR नेगेटिभ प्रमाणपत्र सहित सम्बन्धित कम्पनीको खर्चमा नेपाल फर्काउन सम्बन्धित कूटनीतिक नियोगमार्फत अनुरोध भएमा त्यस्ता उडानलाई प्राथमिकतामा राखी उडान अनुमति दिने व्यवस्था मिलाउने ।सम्बन्धित कूटनीतिक नियोगको सिफारिसका आधारमा विदेशी लगानीमा सञ्चालित उद्योगका लगानीकर्ता, उच्च प्राविधिक (पाइलट, इन्जिनियर आदि) लाई निर्धारित स्वास्थ्य मापदण्ड पालना हुने गरी नियमित उडानबाट नेपाल आउन अनुमति दिने।

आज्ञाले,
लक्ष्मण अर्याल
नेपाल सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३